प्रथम संशोधनः २०६९/०३/१२

दोश्रो संशोधनः २०७५/०१/१३

तेश्रो संशोधनः २०७७/०९/०६

चौथो संशोधनः २०७९/०३/२१

# नेपाल पशु चिकित्सा परिषद् विशेषज्ञ दर्ता (चौथो संशोधन) विनियमावली, २०६९

**नेपाल सरकार**

## नेपाल पशु चिकित्सा परिषद्


भेटेरीनरी कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाण्डौं

फोन नं. ५३६९१४४, ५३६१२१०

ईमेलः info@vcn.gov.np

# नेपाल पशु चिकित्सा परिषद् विशेषज्ञ दर्ता (चौथो संशोधन)

# विनियमावली, २०६९

पशु चिकित्सा व्यवसायलाई प्रभावकारी वनाई व्यवस्थित गराउन र वैज्ञानिक ढङ्गले परिचालन गर्न नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७ को नियम ६ बमोजिम स्थायी दर्तावाल पशु चिकित्सकको योग्यता अनुसार विशेषज्ञ दर्ता गर्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक भएकोले नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा २९ को उप दफा (२) ले दिएको अधिकार प्रयोग गरी परिषद्ले यो विनियमावली बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विनियमावलीको नाम "नेपाल पशु चिकित्सा परिषद् विशेषज्ञ दर्ता (चौथो संशोधन) विनियमावली, २०६९" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(क) "ऐन" भन्नाले नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ सम्झनु पर्छ ।

(ख) "नियमावली " भन्नाले नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७ सम्झनु पर्छ ।

(ग) "दर्ता" भन्नाले पशु चिकित्सा व्यवसाय गर्न परिषद्को दर्ता किताबमा नियम ६ बमोजिम विशेषज्ञको नाम दर्ता गर्ने कार्य सम्झनु पर्छ ।

(घ) "विशेषज्ञ" भन्नाले नेपाल पशु चिकित्सा परिषद् पशु चिकित्सा तथा पशु पालन स्नातक उपाधि सम्बन्धी न्यूनतम मापदण्ड नियमावली, २०६३ को अनुसूची, २०७१ मा उल्लेखित स्नातक तहमा अध्ययन गरेको कुनै बिषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तहको अध्ययन गरी परिषद्मा विशेषज्ञ दर्ता भएको दर्तावाल पशु चिकित्सक सम्झनु पर्छ ।

## परिच्छेद २

## विशेषज्ञताको क्षेत्र र विशेषज्ञको योग्यता

**३. विशेषज्ञताका क्षेत्रहरुः** (१)भेटेरिनरी बिषयसंग सम्बन्धीत देहायका बिषय वा क्षेत्रमा योग्यता पुगेका व्यक्तिलाई सम्बन्धित बिषयको विशेषज्ञको रुपमा नाम दर्ता गर्न सकिनेछः

(क) पशु स्वास्थ्य सँग सम्वन्धित विषयहरु

(ख) पशु विज्ञान सँग सम्वन्धित विषयहरु

(ग) एक स्वास्थ्य सँग सम्वन्धित विषयहरु

(घ) मत्स्य सँग सम्वन्धित विषयहरु

(ङ) पशुजन्य पदार्थ र पशु उत्पादन संग सम्वन्धित विषयहरु जस्तै पशु आहारा, जैविक पदार्थ, औषधि, दुग्ध तथा दुग्धजन्य, मासु तथा मासुजन्य पदार्थ, इत्यादि

(च) प्रयोगशाला विज्ञान

(छ) अन्य विषयहरु परिषद्ले तोके बमोजिम हुनेछ।

(२) विषय विशेषज्ञताका अन्य क्षेत्रहरु परिषद्ले तोके बमोजिम हुनेछ ।

४. **विशेषज्ञको योग्यताः** (१) विनियम (३) बमोजिम भेटेरिनरी विशेषज्ञको रुपमा परिषद्मा नाम दर्ता गराउन चाहने पशु चिकित्सकको न्यूनतम योग्यता देहाय बमोजम हुनेछः

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट पशु चिकित्सा तथा पशु पालन स्नातक तह उत्तिर्ण गरी B.V.Sc.&A.H./B.V.Sc./DVM वा सो सरको उपाधि हासिल गरी आफुले स्नातक तहमा अध्ययन गरेको अनुसूची– १ बमोजिमको कुनै बिषयमा स्नातकोत्तर तहको अध्ययन पुरा गरी M.V.SC/M.sc./MS विद्यावारिधी वा सो सरहको उपाधि हासिल गरेको ।

(ख) दर्तावाल पशु चिकित्सक

[१](ग) ..........

[२]४ **(क) विशेषज्ञता दिने आधारहरुः** (१) परिषद्ले तपसिलको आधारमा विशेषज्ञता दिन सक्नेछ

---

[१] मिति २०७८।०४।१३ गते परिषद्को वैठकवाट झिकिएको

[२] मिति २०७९।०३।२१ परिषद्बाट संशोधन गरिएको।

(क) विशेषज्ञता खुलाईएको डिग्री वा,

(ख) कोर्षवर्कबाट प्राप्त उपाधिहरुको लागि निवेदकले विशेषज्ञता माग गरेको विषय कुल पाठ्यभारको कम्तिमा ४० प्रतिशत पाठ्यभार हुनु पर्ने वा,

(ग) कोर्षवर्क र अनुसन्धान उपाधिहरुको हकमा निवेदकले विशेषज्ञता माग गरेको विषय कुल पाठ्यभारको कम्तिमा ४० प्रतिशत पाठ्यभार हुनु पर्ने वा

(घ) निवेदकले माग गरेको विशेषज्ञता अनुसान्धानमुलक अध्ययन गरेको अवस्थामा निवेदकले गरेको अनुसन्धान प्रतिवेदन (थेसिस)को आधारमा वा,

(ङ) विशेषज्ञता दिदा निवेदकले माग गरेको विषय, अध्ययन गरेको विषय, अनुसन्धानमुलक प्रकाशन, काम गरेको अनुभव खुल्ने आधिकारीक प्रमाणित कागजात इत्यादिलाई सहायक आधारको रुपमा लिन सकिनेछ।

(च) यस नियममा जे सुकै लेखिएको भएता पनि कुनै दर्तावाल पशु चिकित्सकले कुनै विशेषज्ञता माग गरेको क्षेत्रमा अनवरत रुपमा १५ वर्ष काम गरेको प्रमाणित भएको खण्डमा माग गरिएको विशेषज्ञता दिन सकिनेछ। सहयोगी प्रमाणहरु जस्तै सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम कार्यशाला गोष्ठी, सेमिनार तथा प्रकाशित कृति, इत्यादीलाई आधारमान्न सकिनेछ।

## परिच्छेद ३

## भेटेरिनरी विशेषज्ञ नाम दर्ता समिति

**५. विशेषज्ञको नाम दर्ता गर्न समिति गठन गर्नेः** (१) परिषद्मा विशेषज्ञको नाम दर्ता गर्नको लागि देहायका पदाधिकारीहरु रहनेगरी ऐनको दफा २४ बमोजिमको एक समिति गठन गरिनेछः

| | |
|---|---|
| [३](क) परिषद्ले तोकेको उपाध्यक्ष | संयोजक |
| (ख) परिषद्ले तोकेका एक जना परिषदको सदस्य | सदस्य |
| (ग) समितिले तोकेका दुई जना विशेषज्ञ दर्तावाल पशु चिकित्सक | सदस्य |
| (घ) परिषद्को रजिष्ट्रार | सदस्य सचिव |

[३] मिति २०७९।०३।२१ गते परिषद्बाट संशोधन गरिएको

(२) समितिले उपविनियम (१) को खण्ड (ग) बमोजिमका सम्बन्धित बिषय अनुसारका विशेषज्ञ सदस्यलाई बैठकमा सहभागी गराउन सक्नेछ ।

(३) उपविनियम (१) को खण्ड (ग) बमोजिमका सदस्यको मनोनयन समितिले सिफारिस गरेको विशेषज्ञको रोष्टर समेतको आधारमा परिषद्ले गर्नेछ । परिषद्ले निर्णय गरे अनुसारका बिज्ञलाई समितिको निर्णयानुसार सदस्य सचिवले बिषय अनुसारका बैठकमा सहभागी गराउने छ ।

(४) विशेषज्ञ नाम दर्ता समितिको काम, कर्तव्य र अधिकार विनियम ६ बमोजिम हुनेछ ।

६. **विशेषज्ञ नाम दर्ता समितिको काम, कर्तव्य र अधिकारः** (१) विशेषज्ञ नाम दर्ता समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विशेषज्ञ नाम दर्ताको लागि परिषद्मा प्राप्त दरखास्त अध्ययन गरी विशेषज्ञको नाम दर्ता वा नीवकरण गर्न मिल्ने वा नमिल्ने निर्णय गर्ने ।

(ख) विशेषज्ञको योग्यता अनुसारको विशेषज्ञता तथा क्षेत्र निर्धारण गर्ने ।

(ग) पेश गरेका कागजातमा शंका लागेमा आवश्यक निर्णयको लागि राय सहित परिषद्मा पेश गर्ने ।

(घ) परिषद्मा प्राप्त दरखास्त अध्ययन गरी विशेषज्ञको नाम दर्ता वा नवीकरण गर्न मिल्ने वा नमिल्ने निर्णय गरी राय सहित परिषद्मा पेस गर्ने ।

(ङ) विशेषज्ञ पशु चिकित्सकको आचार संहिताको अनुगमन गर्ने ।

(च) पेश गरेका कागजातमा शंका लागेमा आवश्यक निर्णयको लागि राय सहित परिषद्मा पेश गर्ने ।

(छ) विशेषज्ञलाई योग्यता अनुसार नाम दर्ता गरी तोकिए अनुसार व्यवशाय गर्न ईजाजत पत्र दिन सिफारिस गर्ने ।

(ज) दर्ताको लागि आवश्यक तालिम, डिप्लोमा, डिग्री वा अन्य उपाधिको प्रमाणपत्रलाई तोकिए बमोजिम मान्यता दिन मिल्ने नमिल्ने निर्णय सहित राय पेस गर्न्ने।

(झ) तोकिए बमोजिमको मापदण्ड पुरा गरेका विशेषज्ञको दर्ता नवीकरण गर्ने।

(ञ) बिषय बिशेषज्ञले पालन गर्नु पर्ने आचार संहिता तयार गरी लागु गर्ने गराउने।

(ट) बिशेषज्ञको ज्ञान, सिप र दक्षतालाई अध्यावधिक गर्न विशेषज्ञको लागि आवश्यक निरन्तर शिक्षाको पाठ्यक्रम तर्जुमा गर्ने, तालिम सञ्चालन गर्न सिफारिस गर्ने र तालिमको अनुगमन गर्ने ।

(ठ) पशु, पशु जन्य पदार्थ र पशु उत्पादन सामग्रीको उत्पादन, प्रशोधन तथा वितरण र पशु पालन प्रणाली समेतलाई गुणस्तरयुक्त वनाउन आवश्यक विशेषज्ञ सेवाको पहिचान गरी परिषद्मा पेस गर्ने ।

(ड) राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा हासिल गरिएका पशु स्वास्थ्य, जनस्वास्थ्य, पशु कल्याण तथा पशुपालनसंग सम्वन्धित प्रविधि तथा अनुभवको विशेषज्ञताको आदान प्रदानको लागि सभा, गोष्ठि, सेमिनार गर्ने गराउने कार्यमा परिषद्लाई सघाउने ।

(ढ) कुशल भेटेरिनरी अभ्यास गर्ने संस्थाप्रति सेवाग्राहीको विश्वास सुनिश्चित गर्न तोकिएको मापदण्ड अनुसार भेटेरिनरी व्यवसाय गर्ने संस्थालाई कुशल भेटेरिनरी अभ्यास (न्ययम ख्भतभचष्लबचथ एचबअष्तअभ) को प्रमाणीकरण गर्ने सम्बन्धमा विशेषज्ञको सेवा पुराउन सघाउने ।

(२) समितिका अन्य काम, कर्तव्य र अधिकार परिषद्ले तोके बमोजिम हुनेछ ।

७. **समितिका वैठक र निर्णय**ः (१) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक र निर्णय सम्वन्धी अन्य कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

८. **समितिका पदाधिकारीको बैठक भत्ता तथा अन्य सुविधाः** (१) समितिका पदाधिकारीको बैठक भत्ता तथा अन्य सुविधा समितिका पदाधिकारीले पाए सरह हुनेछ ।

(२) बैठकमा आमन्त्रित विशेषज्ञलाई पनि समितिका पदाधिकारीले पाए सरहको बैठक भत्ता र सेवा सुविधा उपलब्ध गराईनेछ ।

## परिच्छेद — ४

## भेटेरिनरी बिशेषज्ञ दर्ता सम्बन्धि व्यवस्था

९. **नाम दर्ता नगराई विशेषज्ञ सेवा प्रदान गर्न नहुने**ः (१) परिषद्मा विशेषज्ञको नाम दर्ता नगराएको कुनै पनि व्यक्तिले भेटेरिनरी व्यवसायमा विशेषज्ञ सेवा प्रदान गर्न पाउने छैन ।

(२) विशेषज्ञ सेवा प्रदान गरिरहेका विशेषज्ञले यो विनियमावली प्रारम्भ भएको मितिले एक बर्ष भित्र परिषद्मा नाम दर्ता गराइ सक्नु पर्नेछ ।

(३) नाम दर्ता गराई व्यवसाय गर्ने विशेषज्ञको परिषद्ले अनुगमन तथा निरीक्षण गर्नेछ ।

१०. **काममा लगाउन नहुने**ः कुनै पनि सरकारी वा गैर सरकारी संघ संस्थाले परिषद्मा दर्ता नभएका व्यक्तिलाई भेटेरिनरी सम्बन्धी व्यवसायमा विशेषज्ञको कार्य गर्न वा भेटेरिनरी ब्यवशाय गर्ने गरी नियुक्ति गर्न वा काममा लगाउन पाइने छैन ।

११. **दर्ता किताव राख्नु पर्ने**ः परिषद्ले विशेषज्ञको नाम दर्ताको लागि तोकिए बमोजिमको छुट्टै दर्ता किताव राख्नेछ ।

**१३. <u>बिशेषज्ञको नाम दर्ता प्रकृया:</u>** (१) पशु चिकित्सा व्यवसायमा विशेषज्ञ सेवा दिन चाहने योग्यता पुगेका व्यक्तिले दस्तुर तिरी नियमावलीको अनुसूची ३ बमोजिमको ढाँचामा परिषद्को कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त उपर रित पुगे नपुगेको हेरी रित पुगेको दरखास्तलाई विशेषज्ञ नाम दर्ता समितिमा पठाइनेछ ।

(३) समितिले आवश्यक जांचबुझ गरी त्यस्ता व्यक्तिको नाम दर्ता कितावमा दर्ता गरी सो को प्रमाणपत्र दिन उपयुक्त भए नभएको ठहर गरी राय सहित परिषद्मा प्रतिवेदन पेश गर्नेछ ।

(४) समितिको राय परामर्शको आधारमा विशेषज्ञको नाम दर्ता वा नवीकरण गरी नियमावलीको अनुसूची ५ बमोजिमको प्रमाणपत्र प्रदान गर्नेछ ।

(५) विदेशी विशेषज्ञलाई विशेषज्ञ सेवा दिने आधारहरु नियम ४ (क) मा उल्लेख गरे बमोजिम हुने छ। विशेषज्ञ दर्ता हुनु अघि विदेशी पशु चिकित्सक नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७ को नियम ६ वमोजिम दर्ता भइ सकेको हुनु पर्नेछ"

**१४. <u>आवधिक नाम दर्ता:</u>** (१) योग्यता पुगेका विदेशी विशेषज्ञले निश्चित अवधिको लागि विशेषज्ञको रुपमा नेपाल राज्य भित्र भेटेरिनरी व्यवशाय गर्न चाहेमा परिषद्मा नाम दर्ता गराउनु पर्नेछ ।

(२) उपनियम १ वमोजिमको आवधिक विशेषज्ञ नाम दर्ता गराउन चहाने ले देहाय वमोजिमका कागजातहरु पेश गर्नु पर्नेछस्

(क) सम्वन्धित देशको परिषद्मा विशेषज्ञको रुपमा दर्ता भएको प्रमाण पत्र

(ख) नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त कार्यको सहमती

(ग) परिषद्मा आवधिक नाम दर्ता गर्न आवश्यक पर्ने अन्य कागजातहरु

(३) शुल्कस् दक्षिण एशियाली मुलुकका नागरिकको लागि अमेरिकी डलर १०० र अन्य देशको हकमा अमेरिकि डलर १५० बराबरको शुल्क सहित परिषद्मा दरखास्त पेश गर्नु पर्ने।

(४) आवधिक नाम दर्ता गराएका विशेषज्ञलाई नियमावलीको अनुसूची ५ बमोजिमको प्रमाणपत्र प्रदान गरिनेछ ।

[४](५) विदेशी विशेषज्ञलाई विशेषज्ञ सेवा दिने आधारहरु नियम ४ (क) मा उल्लेख गरे बमोजिम हुने छ। विशेषज्ञ दर्ता हुनु अघि विदेशी पशु चिकित्सक नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७ को नियम ६ वमोजिम दर्ता भइ सकेको हुनु पर्नेछ।

**१५. <u>दर्ता नविकरण गर्नु पर्ने:</u>** (१) परिषद्मा दर्ता भएका विशेषज्ञले हरेक पांच बर्षमा दर्ता नवीकरण गर्नु पर्नेछ ।

---

[४] मिति २०७९।०३।२१ गते परिषद्बाट हटाइएको

(२) उपविनियम १ वमोजिम पाँच वर्ष नाघेको छ महिना भित्र नविकरण नगरे २० प्रतिशत र एक वर्ष भन्दा वढिको अवधि सम्म नविकरण नगरेमा ५० प्रतिशत जरिवाना दाखिला गरेमा मात्र नविकरण गर्न सकिने छ।

**१६. दर्ता किताबबाट नाम हटाउने र पुनः दर्ता गर्नेः** (१) देहायको अवस्थामा वाहेक विशेषज्ञको नाम दर्ता किताबबाट हटाइने छैनः—

(क) मगज बिग्रेको

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट सजाय पाएको,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) आचार संहिता पालन नगरेको भनी परिषद्को दुई तिहाई बहुमतले प्रस्ताव पारित गरेको ।

(ङ) दर्ता नवीकरण नभएको ।

(२) धोखा वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता हुन गएमा सो कुरा जाँचबुझ गर्दा साँचो ठहरेमा परिषद्ले त्यस्तो व्यक्तिको नाम दर्ता किताबबाट हटाई नाम दर्ताको प्रमाणपत्र रद्द गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दर्ता किताबबाट नाम हटाउदा सम्बन्धित व्यक्तिलाई सफाइको मौका दिइनेछ

(४) दर्ता किताबवाट नाम हटाइएको सम्बन्धित व्यक्तिले मनासिव माफिकको कारण देखाई पुनः नाम दर्ता गराउन दरखास्त दिएमा र परिषद्ले निजको नाम पुनः दर्ता गर्न मनासिव देखेमा परिषद्को दुई तिहाई बहुमतको निर्णयवाट नाम दर्ता गर्ने आदेश दिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम आदेश भएमा दस्तुर लिई त्यस्तो विशेषज्ञको नाम दर्ता किताबमा पुनः दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ ।

**१७. सूचना गर्नुपर्नेः** (१) कुनै विशेषज्ञले आफ्नो व्यवसाय छाडेमा वा ठेगाना परिवर्तन गरेमा एक महिनाभित्र राजिष्ट्रारलाई लिखित सूचना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय छाडेका विशेषज्ञको नाम परिषद्को दर्ता किताबबाट हटाइनेछ ।

(३) परिषद्को दर्ता किताबमा नाम दर्ता गराउने बिशेषज्ञको नाम र दर्ता कितावबाट नाम हटाइएका प्रत्येक विशेषज्ञको नाम सार्वजनीक गराइने छ ।

## परिच्छेद ५

## विशेषज्ञको आचार संहिता सम्वन्धी व्यवस्था

१८. **व्यवसायिक आचार संहिताः** (१) प्रत्येक विशेषज्ञले परिषद्‌ले तोके बमोजिमको व्यवसायिक आचार संहिता पालना गर्नु पर्ने छ ।

(२) व्यवसायिक आचार संहिता उल्लंघन गरेको प्रमाणित भएमा त्यस्तो विशेषज्ञलाई कसुरको प्रकृति हेरी परिषद्‌ले चेतावनी दिनदेखि, व्यवसाय गर्न निलम्बन गर्ने, जरिमाना गर्ने र दर्ता खारेज गर्ने सम्मको सजाय गर्न सक्नेछ ।

१९. **दायित्व वहन गर्न नपर्नेः** व्यवशायिक आचार संहीताको अधिनमा रही व्यवसाय संचालन गर्दा भवितब्यवस कसैलाई कुनै हानि नोक्सानी पर्न गएमा त्यसको दायित्व सम्बन्धित विशेषज्ञको हुने छैन ।

## परिच्छेद — ६

## कुशल विशेषज्ञ भेटेरिनरी अभ्यासको प्रमाणीकरण सम्वन्धि व्यवस्था

२०. **प्रमाणीकरणः** (१) कुनै विशेषज्ञले परिषद्‌ले तोकेको मापदण्ड पुरा गरी तोकेको दस्तुर सहित कुशल विशेषज्ञ भेटेरिनरी सेवा वा अभ्यास प्रमाणीकरणको माग गरेमा परिषद्‌ले त्यस्ता संस्थालाई कुशल विशेषज्ञ भेटेरिनरी सेवा वा अभ्यास गरेको प्रमाणीकरण गरिदिन सक्नेछ।

(२) कुशल भेटेरिनरी सेवा वा अभ्यास प्रमाणीकरणको कार्यविधि परिषद्‌ले तोके बमोजिम हुनेछ।

२१. **अनुगमन तथा निरीक्षणः** (१) कुशल विशेषज्ञ भेटेरिनरी सेवा वा अभ्यास प्रमाणीकरण भएका संस्थाको गुणस्तर कायम राख्न परिषद्‌ले समय समयमा निरीक्षण तथा अनुगमन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको निरीक्षण तथा अनुगमन गर्ने प्रकृया परिषद्‌ले तोके बमोजिम हुनेछ।

२२. **कुशल विशेषज्ञ भेटेरिनरी सेवा वा अभ्यास प्रमाणित संस्थाको कर्तव्यः**

(१) परिषद्‌ले माग गरेको विवरण उपलव्ध गराउने।

(२) परिषद्‌ले गुणस्तर कायम राख्न दिएको आवश्यक निर्देशन पालन गर्ने।

२३. **कुशल विशेषज्ञ भेटेरिनरी सेवा वा अभ्यास प्रमाणीकरणको खारेजीः** (१) देहायको अवस्थामा परिषद्‌ले दिएको प्रमाणिकरण खारेजी गर्न सक्नेछः

(क) अनुगमन तथा निरिक्षण गर्दा मापदण्ड अनुसार नभएको पाइएमा

(ख) दफा २७ बमोजिमको कर्तव्य पालना नगरेमा ।

(ग) संस्थाले पेश गरेको स्पष्टीकरण उपयुक्त नदेखिएमा ।

(२) कुशल भेटेरिनरी सेवा वा अभ्यास प्रमाणीकरणको खारेजी गर्ने प्रकृया परिषद्ले तोके बमोजिम हुनेछ ।

## परिच्छेद— ७

## विविध

२४. **विशेषज्ञको अभिलेखः** परिषद्ले दर्तावाल विशेषज्ञको विवरणको अभिलेख राख्नु पर्नेछ ।

२५. **निरीक्षण तथा अनुगमनः** परिषद्ले दर्तावाल विशेषज्ञको गुणस्तर कायम राख्न समय समयमा निरीक्षण तथा अनुगमन गर्नेछ ।

२६. **विवरण उपलव्ध गराउनु पर्नेः** परिषद्ले माग गरेको विवरण उपलव्ध गराउनु विशेषज्ञको कर्तव्य हुनेछ ।

२७. **निर्देशन दिन सक्नेः** परिषद्ले समय समयमा गरेको निर्णय, निरीक्षण वा अनुगमनको शिलशिलामा प्राप्त गरेको जानकारीको आधारमा विशेषज्ञको गुणस्तर कायम राख्न सम्वन्धित विशेषज्ञलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित विशेषज्ञको कर्तव्य हुनेछ ।

२८. **दर्ता खारेज हुनेः** (१) ऐन, नियमावली वा यस विनियमावली बमोजिम परिषद्ले जारी गरेको निर्णय, निर्देशन, वा मापदण्डको बर्खिलाप हुने कार्य कुनै विशेषज्ञले गरेमा परिषद्ले त्यस्तो विशेषज्ञको दर्ता खारेज गर्न सक्नेछ ।

(२) परिषद्ले कुनै विशेषज्ञको दर्ता उपविनियम (१) बमोजिम खारेज गर्नु अंघि त्यस्तो विशेषज्ञलाई सफाईको उचित मौका प्रदान गर्ने छ ।

२९. **अधिकार प्रत्यायोजनः** परिषद्ले आफुमा निहित विशेषज्ञको नाम दर्ता सम्बन्धी केही अधिकार समितिलाई आफ्नो जवाफदेहिमा अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

३०. **अनुसूचीमा हेरफेर र थपघट गर्न सक्नेः** नाम दर्ता समितिले आवश्यक ठानेमा अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

३१. **वाधा अडकाउ फुकाउनेः** यो विनियमावली कार्यान्वयन गर्ने शिलशिलामा कुनै वाधा अडकाउ परेमा ऐन र नियमावलीको अधिनमा रही परिषद्ले व्याख्या गरे बमोजिम हुनेछ ।

३२. **खारेजी र बचाउः** (१) परिषद्को विशेषज्ञ नाम दर्ताको मापदण्ड, २०५८ खारेज गरिएको छ।

(२) यसअघि उपविनियम (१) बमोजिम भए गरेका कार्यहरु यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ।